## छायाँनाथ रारा नगरपालिकामुगुको  अनुदानवितरण तथा व्यवस्थापन सम्बन्धीकार्यविधि, २०७८

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७८।०५।१४

**प्रस्तावना :**

छायाँनाथ रारा नगरपालिका कृषि र पशुपंक्षी क्षेत्रको बिकासको माध्यमबाट आर्थिक बिकास गर्न सकिन्छ भन्ने बिश्वास लिई निजी क्षेत्रलाई प्रोत्साहान, स्थानिय गैर सरकारी संघ संस्था परिचालन गरी उद्यमबिकास, रोजगारीको श्रृजनागर्दै स्थानिय रैथानेवालीको संरक्षण प्रर्वद्धन गदै व्यबसायिकजनशक्तिनिर्माण गरी आर्थिक रुपले सम्पन्ननगरपालिकानिर्माण गरिने बिश्वासका साथ योजनातथाकार्यक्रमतर्जुमा हुदै आएको र कृषितथापशु पंक्षीजन्यकच्चापर्दाथको माध्यमबाट घरेलु उद्योगको बिकास, आधुनिककुखुरापालन, सिमि, आलु,तरकारी,नगदेवाली खेतीतथाबाखापालनव्यबसायलगायतकाउद्योग तथाव्यावसायप्रबर्द्धन गर्ने नीतिलाई नगरपालिकाबाट कार्यान्वयन गर्नु पर्ने भएकोले छायाँनाथ रारा नगरपालिका  कृषि, पशुपन्छि, उद्यमविकास, पर्यटन,जटिबुटी उत्पादनतथाप्रशोधन, सूचनातथाप्रविधितथाअन्यविविध क्षेत्रमादिइने अनुदान दोहोरो पर्न नदिई अनुदानवितरणलाई सुनिश्चिततताकायम गर्न, उत्पादित बस्तुहरुलाई सहज रुपमाबजार सम्म पुर्‍याई किसानको आर्थिक हित र उन्नतिको कार्यमा सघाउन स्वास्थ्य, शिक्षा, कृर्षि लगाएतअन्यविविध क्षेत्रमावितरण गरिने अनुदानहरुको व्यवस्थापन गर्न कार्यविधिबनाउन वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) तथास्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम छायाँनाथ रारा नगरपालिकाबाट अनुदानदिन  यो कार्यबिधिबनाई लागु गरेको छ ।

### परिच्छेद- १

**प्रारम्भिक**

**१**.संक्षिप्तनाम र प्रारम्भ : (१) यस कार्यविधिको नामछायाँनाथ रारा नगरपालिकाको अनुदानवितरण तथाव्यवस्थापन सम्बन्धीकार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको राजपत्रमाप्रकाशितभएपश्चात् तुरुन्तलागु हुनेछ ।

२. **परिभाषा** :बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“नगर प्रमुख ”**भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ख) **उप प्रमुख”**भन्नाले छायाँनाथ रारा नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(ग) **“कार्यपालिका”**भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) **“प्रमुखप्रशासकीयअधिकृत”**भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुखप्रशासकीयअधिकृतलाई सम्झनुपर्छ ।

(ङ) **“नगरपालिका”**भन्नाले छायाँनाथ रारा नगरपालिकलाई सम्झनु पर्छ ।

(च) **“मन्त्रालय”**भन्नाले संघीय मामिलातथा सामान्यप्रशासनमन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) **“सेवाग्राही”**भन्नाले छायाँनाथ रारा नगरपालिकाको अनुदानमाभागलिन योग्यव्यत्ति, फार्म, कम्पनी,संघ,संस्था,सहकारी  र समूहहरुलाई सम्झनुपर्छ ।

(ज) **"क्षेत्र"**भन्नाले सेवाग्राहीले काम गर्ने तथाअंगालेको व्यवसाय, उद्यमवा पेशाको क्षेत्रलाई सम्झनु पर्छ ्

(झ) **"सदस्य"**भन्नाले छायाँनाथ रारा नगरपालिकाको सदस्यलाई सम्झनु पर्छ । सो शब्दले नगरपालिकाको नगर प्रमुख, उप प्रमुख र वडा अध्यक्ष समेतलाई जनाउने छ ।

(ञ) **"अनुदान"**भन्नाले छायाँनाथ रारा नगरपालिका द्धारा परिच्छेद ३ बमोजिमका क्षेत्रहरुमावितरण गरिने सर्शत वानिशर्त सम्बन्धीआर्थिक तथाप्राविधिक साहायता सम्झनु पर्दछ ।

(ट) **"अनुगमन टोली"**भन्नाले दफा १७ को उपदफा (२) अनुसार गठन गरिएको टोली सम्झनु पर्दछ । (ठ) **"सभा"**भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(ड) **"जिन्सी"**भन्नाले मुर्त वस्तुमा दिईएको अनुदान सम्झनु पर्दछ ।

(ढ) "मापदण्ड" भन्नाले अनुदानप्राप्त गर्नको लागितोकिएकाशर्त पूरा गर्ने कागजात/प्रमाण वा स्थलगत् अनुगमनबाट देखिने कृषक, कृषक समूह, गैरसरकारी संघ संस्था,सहकारी ,कम्पनीवाफर्मको अवस्था सम्झनु पर्दछ ।

## परिच्छेद- २

**नगरपालिकाले अनुदानको व्यवस्था गर्ने**

**३. अनुदानदिईने** :(१)नगरपालिकाले हरेक वर्ष नगरपालिकाको कार्यक्षेत्र भित्रका कृषक, उद्यमी, निजीफर्म, सहकारी, स्थानिय गैर सरकारी संघ/संस्था, व्यवसायीहरुको निमित्तअनुदानहरुको व्यवस्था गर्न सक्नेछ ।

(२) नगरपालिका द्धारा दिईने अनुदानहरु सशर्त तथानिशर्त प्रकृतिकाहुनेछन भने तिअनुदानहरु नगदमा, प्राविधिक सहायताको रुपमावाजिन्सी समेतमादिईने छ ।

(३) हरेकवर्षमा दिईने अनुदानको क्षेत्र, आकार ईत्यादिनगरसभाले पारित गरको वजेट बमोजिमहुनेछ ।

**४. प्रतिस्पर्धालाई आधार मानिने** :नगरपालिकाबाट प्रदान गरिने सम्बन्धितअनुदानमातोकिएको भन्दा धेरै सेवाग्राहीहरुले निवेदन पेश गरेको खण्डमा परिच्छेद- ४ को मापदण्डको आधारमा जसको मापदण्ड पुगेको छ सोही सोवग्राहीलाई प्राथमिकतामा राखीअनुदानवितरण गरिनेछ । तर नगरपालिकाद्धारा प्रदान गरिने बिशेषवर्ग, जातजाती, लिङ्ग, स्थानवा समूह, उद्योग, स्थानिय गैर सरकारी संघ संस्था,सहकारीहरुको नाम किटान गरी वितरण गरिने भनीनगर सभामा निर्णय भएको हकमाअनुदानसिधैं उपलव्ध गराउनवाधा पर्ने छैन ।

**५. अनुदानदिने सम्बन्धीअधिकार** : (१) हरेक प्रकारका अनुदानहरु कसलाई, कसरि र कतिमात्रामादिने भन्ने निणर्य गर्ने अधिकार नगर सभामानिहित रहनेछ ।

**६. अनुदानदिने मापदण्डका सामान्य सिद्धान्तहरु** : (१) सामान्यतयानगरपालिकाको अनुदान छायाँनाथ रारा नगरपालिकाका स्थानीयबासिन्दाहरु, नेपालीनागरिकहरु, यस नगरपालिकामाकाम गर्ने फर्म,कृषक,समुह,उद्यमी, स्थानिय गैर सरकारी संघ संस्था,सहकारी उद्योग व्यवसायलाई प्रदान गरिनेछ ।

(२) सामान्यतयाअनुदानको रकमबाट आफ्नै जमिनभएको स्थानमाकार्यक्रम संचालन गर्नेलाई प्राथमिकतादिईनेछ ।

(३) सामान्यतयाअनुदानको रकमबाट आफै र परिवार नै संलग्न भै काम गर्नेलाई वा स्थायी रुपमाकामदार राखीकार्यक्रम संचालन गर्नेलाई प्राथमिकतादिईनेछ ।

(४) स्थानीयमागलाई आपूर्ति गर्ने गरी स्थानीयवजारमा उत्पादनविकी गर्ने सुनिश्चितताभएकालाई अनुदानदिने कार्यमा प्राथमिकतादिईनेछ ।

(५) यो अनुदानप्राप्तगर्न सो आर्थिक बर्षमा अरु कुनै प्रकारको अनुदाननलिएको हुनुपर्नेछ ।

(६) यो अनुदानपाउनेले स्वयं आफै काम गर्नु पर्नेछ । यदिअनुदानलिएर अर्का मार्फत काम गराएमाअनुदानफिर्ता गर्नुपर्नेछ ।

(७) नगरपालिकाले दिएको निर्देशनपालना गर्नुपर्नेछ ।

(८) अनुदान रकमउपयोगको प्रगतिबिबरण नगरपालिकालाई नियमित रुपमादिनु पर्नेछ ।

(९) प्रचलितकानूनको पूर्णपालना गरी नमूनाको रुपमा (रोलमोडल) काम गर्नुपर्नेछ ।

**७. अनुदान रकमकाआधारमा बर्गिकरण** : (१) सामान्यअनुदान : नगरपालिकाले प्रदान गर्ने रु. १ लाख देखि ५ लाख सम्मको अनुदानलाई सामान्य रुपमालिनु पर्छ । जुनकृर्षि पशुपालन,पर्यटन स्थानियवाली संरक्षण प्रवद्धन तथावजारीकरण,आयआर्जन पोषण स्वास्थ्यशिक्षालगाएतकाविविध क्षेत्रहरु पर्नेछन ।

(२) न्यूनमध्यमअनुदान : नगरपालिकाले प्रदानगर्ने रु. १० लाख सम्मको अनुदानलाई न्यूनमध्यमअनुदानका रुपमालिनु पर्छ । जुनकृर्षि पशुपालन,पर्यटन स्थानियवाली संरक्षण प्रवद्धन तथावजारीकरण,आय आर्जन पोषण स्वास्थ्यशिक्षालगाएतकाविविध क्षेत्रहरु पर्नेछन ।

(३) मध्यम स्तरको अनुदान : नगरपालिकाले प्रदान गर्ने रु. २० लाख सम्मको अनुदानलाई मध्यम स्तरको अनुदानका रुपमालिनु पर्छ । यस कार्यक्रमअन्तर्गत अनुदानदिदानगरपालिकाको आमजनतामापुग्ने लाभको विश्लेषण गर्नुपर्छ ।

(४) विशेषअनुदान : नगर सभाले सम्बन्धितब्यक्ति,फर्म, समुह सहकारी तथा गैह्रसरकारी संघ संस्थाको नाम किटान गरी प्रदान गरिने अनुदानहरु पर्दछन । यस अनुदानमा सम्बन्धितब्यक्ति,फर्म, समुह सहकारी तथा गैह्रसरकारी संघ संस्थाले कार्य सम्पन्नपश्चात सर्म्पूण बिलभपाईहरु नगरपालिकामाबुझाउनु पर्नेछ

## परिच्छेद- ३

### ८.अनुदानवितरणका क्षेत्रहरु

**१. कृषि** :नगरपालिकाले वितरण गर्ने कृषि सम्बन्धीकाअनुदानका क्षेत्रहरु देहायबमोजिमका रहनेछन :- (क) तरकारी खेतीतर्फ दिईने अनुदानहरु-यसअर्न्तगतगोलभेडा, प्याज, कागती, लसुन, सागपातलगायतको खेती गर्ने तथाबिक्रिवितरण गर्ने कृषक, फर्म तथा समूहहरु का साथै सो खेतीको लागीजनचेतनाजगाउने तथाआवश्यक सामाग्रीवितरण गरि नयां प्रवृधिअपनाएर प्राविधिक सहयोग गर्ने संघ संस्थावाकम्पनि सहकारीलाई नगरपालिकाले अनुदानवितरण गर्न सक्नेछ ।

(ख) स्थानिय रैथाने वालीमानगदे बालीतर्फ दिईने अनुदानहरु- यस अर्न्तगतआलु, सिमी, स्याउ, लगायतअन्यफलफुलहरुको खेती गरी उत्पादन गर्ने तथाबिक्रिवितरण गर्ने कृषक, फर्म तथा समूहका साथै सो खेतीको लागीजनचेतनाजगाउने तथाआवश्यक सामाग्रीवितरण गरि नयां प्रवृधिअपनाएर प्राविधिक सहयोग गर्ने स्थानिय गैर सरकारी संघ संस्थावाकम्पनि सहकारीलाई नगरपालिकाले अनुदानवितरण गर्न सक्नेछ ।

(ग) कृषि अनुसन्धान केन्द्रकालागिअनुदान- यस अर्न्तगतनगरपालिकाभित्र स्थापनाभई, नगरपालिकाको कृषकहरुको निमित्तउन्नत बिउ बिजन परीक्षण गरी उत्पादन गर्ने र सहुलियत दरमा बिऊविजनबिक्रि गर्ने उदेश्य भएका कृषि अनुसन्धान केन्द्रहरुलाई नगरपालिकाले अनुदानप्रदान गर्न सक्नेछ ।

(२)**होटल तथा पर्यटन व्यवसाय**तर्फ दिईने अनुदानहरु- यस क्षेत्रकाउद्यमीतथाव्यवसायीहरुले छायाँनाथ रारा नगरपालिकाबाट देहायबमोमिका क्षेत्रहरुमाअनुदानहरु प्राप्त गर्न सक्नेछन :-

(क) होमस्टे सञ्चालन- यस अर्न्तगत छायाँनाथ रारा नगरपालिकाको वडा नं. १ देखि वडा नं. १४ सम्म पर्यटन व्यवसायको प्रर्वद्धन गर्ने उद्देश्यका साथ सञ्चालनमा रहेका होमस्टेहरुलाई छायाँनाथ रारा नगरपालिकाले अनुदानप्रदान गर्न सक्नेछ ।

(ख) होटल सञ्चालन- यस अर्न्तगत छायाँनाथ रारा नगरपालिकाको वडा नं. १ देखि वडा नं. १४ सम्म पर्यटन व्यवसायको प्रर्वद्धन गर्ने उद्देश्यका साथ सञ्चालनमा रहेका पर्यटकीय होटलहरुलाई छायाँनाथ रारा नगरपालिकाले अनुदानप्रदान गर्न सक्नेछ ।

(ग) पर्यटकीय पार्क सञ्चालन- यस अर्न्तगत छायाँनाथ रारा नगरपालिकाको वडा नं. १ देखि वडा नं. १४ सम्मका स्थानभित्र वाटर पार्क, फनपार्क, प्राकृतिकउद्यान जस्ता व्यवसाय सञ्चालन गरिरहेको उद्यमशिलकम्पनीहरुलाई छायाँनाथ रारा नगरपालिकाले अनुदानप्रदान गर्न सक्नेछ ।

(३) **पशुपंक्षीपालनतथा शुद्ध मासु बेचबिखन** : यस अर्न्तगत छायाँनाथ रारा नगरपालिकाद्धारा अनुदानवितरण गर्न सकिने क्षेत्रहरु देहायबमोजिमकाहुनेछन :-

(क) बाखातथा भेडा पालन-बाखापालनव्यवसाय गर्ने कृषक, कृषक फार्म, कम्पनी र समूहहरुलाई बाखाहरु पालन गर्न सहायता गर्नको लागिबोका बितरण, बाखाको माउवितरण, खोरको स्तरवृद्धि तथापुनःनिर्माण ईत्यादिलगायतकाकार्यक्रमहरुमानगरपालिकाले अनुदानवितरण गर्न सक्नेछ ।

(ख) गाईभैंसीपालन-गाईभैंसीपालन गर्ने कृषक, फार्म, कम्पनी र समूहहरुलाई उन्नतनश्लकागाईभैंसीकापालन गर्न गाईभैंसी वितरण कार्यक्रम, उन्नतनश्लका राँगातथागोरु वितरण कार्यक्रम र भकारो सुधार कार्यक्रमहरु मार्फत छायाँनाथ रारा नगरपालिकाले अनुदानहरु प्रदान गर्न सक्नेछ ।

(ग) कुखुरा तथाहांसपालन- यस कार्यक्रमअर्न्तगतलोकलकुखुरा, लेयर्स कुखुरा, हांसपालनव्यवसायिकलगायतकापंक्षीजन्यउत्पादन गर्ने कृषक, फार्म, कम्पनीवा समूह साथै सो को संरक्षणमा काम गर्ने संघ संस्था सहकारीहरुलाई अनुदाननगरपालिकाले प्रदान गर्न सक्नेछ ।

(घ) भेडा, बाखातथाकुखुराको स्वच्छ मासु बिक्रीबितरण तथाव्यबस्थापनकालागी कृषक, फार्म, कम्पनीवा समूह साथै सो को संरक्षणमा काम गर्ने संघ संस्था सहकारीहरुलाई अनुदाननगरपालिकाले प्रदान गर्न सक्नेछ ।

(४) **घरेलु उद्योग** : स्थानीय साधन स्रोतको प्रयोग गरी सानो लगानी र थोरै जनशक्तिमाआधारित घरेलु उद्योग स्थापना, प्रर्वद्धन, सञ्चालन र स्वरोजगारीताको अवसरहरु सृजनाहुने देहायबमोजिमका क्षेत्रहरुमा छायाँनाथ रारा नगरपालिकाले अनुदानवितरण गर्न सक्नेछ :

(क) निगालोको सामाग्रीउत्पादन गर्ने उद्योग- यस उद्योग अर्न्तगतनिगालोबाट बनाईने कलात्मक, पराम्परागततथाआधुनिक टुल, न्याक, टोपी, थुन , डोको, डालो, नाङ्लो, लगायतकाउत्पादनहरुलाई बजारिकरण गर्न सहुलियत, औजार खरिद तथा स्तरोन्तीलगायतकाकार्यक्रममार्फत यस क्षेत्रकाउद्यमीव्यक्तितथाफार्म, प्रवद्धन गर्ने संघ संस्था, सहकारी,कम्पनीवा समूहहरुलाई यस नगरपालिकाले अनुदानप्रदान गर्न सक्नेछ ।
(ख) टेलरिङ उद्योग- यस अर्न्तगत टेलरिङ व्यवसाय गरी जिविकाचलाउने तथा रोजगारी प्रदान गर्ने उद्योगीहरुलाई विविधप्रकारको अनुदान सहायतानगरपालिकाले दिन सक्नेछ ।

(ग) सिकर्मी तालीम केन्द्र (फर्निचर उद्योग)- यस अर्न्तगत काष्ठकला, काष्ठ सामाग्रीउत्पादन गर्ने तथा सो सम्बन्धीतालिम सञ्चालन गर्ने उद्योगीहरुलाई नगरपालिकाले अनुदानदिन सक्नेछ ।

(घ) आरानउद्योग-व्यवसायिक रुपमा फलामबाट कुटो,कोदालो, खुकुरी, हँसियालगायतकाक्रियाकलापहरु सञ्चालन गर्ने उद्योगहरुलाई नगरपालिकाले अनुदानहरु प्रदान गर्न सक्नेछ ।

(ङ) कोसेली घर सञ्चालन- यस नगरपालिका क्षेत्रमाउत्पादनहुने समस्त वस्तु तथा सामाग्रीहरुको बजारीकरण तथाबिक्रिवितरण तथाउत्पादित बस्तुहरुको प्रचार प्रसार गर्ने उदेश्यले छायाँनाथ रारा नगरपालिकाभित्र कोसेली घरको व्यापार गर्न चाहाने वा गर्ने उद्यमीहरुलाई नगरपालिकाले अनुदानप्रदान गर्न सक्नेछ ।
(च) कम्पोष्ट मलखादउद्योग-वातावरण संरक्षण तथा रसायनिकबिषादीहरुको प्रयोग न्युनीकरण गरी जैविकविविधतालाई जोगाईराख्ने उदेश्यसाथ सञ्चालन गरिएकाकम्पोष्ठ मलखाँदउद्योगहरुलाई यस नगरपालिकाले अनुदानप्रदान गर्न सक्नेछ ।

(५) **मझौलाउद्योग** :मध्यमलगानीमा सञ्चालनहुने ५ देखि २० जना सम्मको व्यक्तिलाई रोजगार प्रदान गर्ने स्थानीय स्तरका उद्योगहरुलाई नगरपालिकाले अनुदानप्रदान गर्न सक्नेछ ।
(६) **निजिवनको स्याहार संभार** :व्यक्तिगतफाईदाको अतिरित्त; वातावरण सन्तुलन, भू-क्षय रोकथामतथा बाढीपहिरोको जोखिमन्युनीकरण गर्ने उदेश्य साथ स्थानीयजनताहरुलाई प्रोत्साहन गर्नको लागि यस क्षेत्रमा देहायबमोजिमकाकार्यक्रममार्फत नगरपालिकाले स्थानीयवासीहरुलाई अनुदानप्रदान गर्न सक्नेछ : (क) डाले घाँस उत्पादन-प्रशस्तमात्रामा डाले घाँस उत्पादनहुने रुखहरु रोपेका किसानहरुलाई मापदण्ड पुगेको खण्डमा यस क्षेत्रमाप्रोत्साहनतथा स्तरोन्नति स्वरुपअनुदानको व्यवस्थानगरपालिकामार्फत गर्न सकिनेछ । (ख) काठ उत्पादन-निर्माण तथाभौतिक संरचनाहरुको लागिआवश्यक पर्ने काठ उत्पादनहुने रुखबिरुवाहरु जस्तै; सल्ला, देवदार, उत्तिस, ठिंग्रेसल्ला र धुपीलगायतका रुखहरु रोपेर हुर्काउदै गरेका कृषक जनताहरुलाई नगरपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ ।

(७) **बेरोजगार युवाव्यवस्थापन** : यस क्षेत्र अर्न्तगतसिपरहित बेरोजगार युवा, वैदेशिक रोजगारबाट फिर्ता भएकाव्यत्तिहरु, शिक्षित बेरोजगार र सिपभएर पनि बेरोजगार रहनु परेका युवाहरुको पहिचान गरी

स्वरोजगार तथाक्षमतामाआधारित रोजगार तथासिपमूलक रोजगारमा युवाहरुलाई सहायता गर्नको लागि सो सम्बन्धीतोकिएको मापदण्डको आधारमा नगरपालिकाले अनुदानहरुको व्यवस्था गर्न सक्नेछ ।

(८) **पुस्तकालयतथाअध्ययन केन्द्र** : यस अर्न्तगतयुवा, समाजसेवीतथा अग्रजहरुद्धारा सामाजिकहितकालागिभनेर स्थापना गरेका पुस्ताकालय, अध्ययन केन्द्र ईत्यादि क्षेत्रलाई सहायता गरी जनजीवनमा सुधार तथा शैक्षिक गुणस्तर वृद्धि गर्नको लागिनगरपालिकाले अनुदानहरुको व्यवस्था गर्न सक्नेछ ।

**नोटः यो कार्यबिधीको आधारमा गरिब संग नगर प्रमुखकार्यक्रमतथानगर प्रमुख रोजगार कार्यक्रमवाट पनिनगर प्रमुखको निर्णय अनुसार अनुदानदिन सकिनेछ ।**

## परिच्छेद- ४

### अनुदानप्राप्ती र वितरण गर्न आवश्यक मापदण्डहरु

**९. अनुदानहरु सम्बन्धी मापदण्डहरु :**

(१) यस नगरपालिकावाट विभिन्न क्षेत्रमाअनुदानलिने व्यत्ति,फर्म समुह,कम्पनि ,स्थानिय संघ संस्था, सहकारी र घरेलु उद्योग व्यवसाय र उद्यमीहरुलाई अनुदानप्रदान गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

(क) व्यवसायिकफर्म वाकम्पनीवा समूह,सहकारी नगरपालिकामादर्ता तथा स्थानिय सैर सरकारी संघ संस्था नेपाल सरकारको तोकिएको निकायमादर्ता भएर अनुदानको लागिनिवेदन पेश गरेको वर्ष सम्म को करचुत्ताभएर नविकरण भएको हुनुपर्नेछ ।

## परिच्छेद- ५

### अनुदानको दुरुपयोग गर्नेलाई हुने सजाय

**१०.हदैसम्मको कारबाहीहुने :**

(१)अनुदानप्राप्त गर्नको लागि झुटो कागजातहरु, विवरण दिएर नगरपालिकालाई झुक्याएको, झुक्याउनखोजेको वाझुक्याउनलगाएको पाईएमा निजहरुलाई हदै सम्म कानुनी सजायहुनेछ ।

(२) उपदफा(१)अनुसारको कसुर प्रमाणित भएमा कसुरदारलाई कानुनीदायरामाल्याउने अधिकार कार्यालयलाईहुनेछ भने सो कार्यको लागि स्थानीयप्रशासनवाप्रहरीको सहायोग लिने छ ।

**११. अनुदानप्राप्तगर्न रोक लगाईने :**

(१)दफा १० अनुसार कसुरदार ठहरिएको सेवाग्राहीलाई वा सेवाग्राहीको नाममा रहेको फर्म, कम्पनीवा समूह संघ संस्था ,सहकारीलाई समेतलाई अनुगमन मुल्याडकन समितीको सिफारिसमा नगरपालिकाले कुनै पनि क्षेत्रको अनुदानप्राप्त गर्न दुई वर्षसम्म रोक लगाउने निर्णय नगरपालिकाले गर्न सक्नेछ ।

(२) उपदफा(१)अनुसारको सजायभुक्तानपश्चातपुनः सोहीव्यक्ति, फर्म, कम्पनीवा समूहले पुनःदफा १० को कार्य गरेमा निजलाई प्रदान गरिएको अनुदान सहितबिगो भराई कसुरदार सेवाग्राहीबाट सरकारी बाँकी सरह असुलउपर गर्ने निर्णय समितीको सिफारिसमा नगरपालिकाले गर्न सक्नेछ ।

**१२. अनिवार्य असुल उपर गरिने :**

(१)कुनै पनि सेवाग्राहीले नगरपालिका सँग गरेको करार बमोजिमआफ्नो व्यवसाय सञ्चालननगरेको भनी समितीको प्रतिवेदनमाकार्बाहीको सिफारिस भई आएको खण्डमा नगरपालिकाले कार्बाहीको प्रक्रियाअगि बढाउन आदेश दिनसक्नेछ ।
(२) कारबाही अगाडि बढाई सम्झौताअनुसार कार्य नगरेको पाइएमानगरपालिकाले प्रदान गरेको अनुसुची-२ बमोजिमको सम्झौताअनुसारको रकम, प्राविधिक सहायतावाजिन्सीको खर्च असुलउपर गरी सम्झौताभंग गर्ने सेवाग्राही व्यत्तिबाट सरकारी बाँकी सरह उसुलउपर गर्न नगर कार्यपालिकाको निर्णयमा समितीलाई आदेश दिनसक्नेछ ।

(३) उपदफा (२) अनुसार व्यत्तिबाट उसुलउपर हुननसकेको खण्डमा निजव्यत्तिको नाममा रहेको विविधचलअचल सम्पतीबाट असुलउपर गरिनेछ ।
(४) उपदफा(१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि; सम्झौताभंग गर्ने सेवाग्राहीको मृत्यु भएको खण्डमा वाआगलागि, भुकम्प, बाढी, पहिरो र डकैती जस्ता काबुबाहिरका कारणले निज सेवाग्राहीले सम्झौताअनुसार आफ्नो उद्यम/व्यवसाय सञ्चालन गर्न असमर्थ भई सम्झौताभंगहुनगएको प्रमाणीत भएमा यो दफानिजलाई लागु हुनछैन ।

## परिच्छेद-६

**अनुदानको भूक्तानी सम्बन्धिब्यबस्था**

**१३. एकमुष्ठ अनुदानप्रदानहुने :**

**क.** छायाँनाथ रारा नगरपालिकाको अनुदान, वितरण तथाव्यवस्थापनकार्यविधि, २०७८ अर्न्तगतदिईने अनुदान सम्बन्धितव्यत्ति,फर्म समुह,कम्पनि ,स्थानिय संघ संस्था, सहकारी र घरेलु उद्योग व्यवसाय र उद्यमीहरुको बैक खातामा एकमुष्ठ अनुदाननिकासादिईनेछ ।
ख.अनुदानमागगर्दा सम्बन्धितव्यत्ति,फर्म समुह,कम्पनि ,स्थानिय संघ संस्था, सहकारी र घरेलु उद्योग व्यवसाय र उद्यमीहरुले तपसिलबमोजिमको कागजातहरु पेश गर्नु पर्नेछ ।
१.अनुसुची १ बमोजिमनिबेदन
२.कार्यक्रमको प्रस्तावना
३फर्म, समुह,कम्पनि ,स्थानिय संघ संस्था, सहकारीको हकमासंस्थादर्ता, नबिकरण,पान नम्बर तथा अघिल्लो आ.व. को करचुत्ता प्रमाण पत्रको फोटोकपी
**ग.** अनुदान रकमको सम्पूर्ण बिलभपाई तथाअन्यकागजातको सक्कलै प्रतिआर्थिक बर्ष समाप्तहुनु भन्दा १५ दिनअगाबै लेखाशाखामाबुझाउनु पर्ने छ अन्यथा सम्बन्धितफर्म, समुह,कम्पनि ,स्थानिय संघ संस्था, सहकारीको नाममा पेश्की राखिने छ । साथै अर्को आ.व. मा बेरुजु स्वरुप असुलउपर गरिनेछ ।

## परिच्छेद-७

**विविध**

**१४.संशोधनहुने** : छायाँनाथ रारा नगरपालिकाको अनुदान, वितरण तथाव्यवस्थापनकार्यविधि, २०७८ नगर कार्यपालिकाको निर्णयमा संशोधन गर्न सकिनेछ ।

**१५.अनुदानको आवेदन र कबुलियततथा संझौंताफारमको ढाँचा** :

अनुदानको आवेदनर कबुलियततथा संझौता फारामको ढाँचा अनुसूचीमातोकिएबमोजिमहुनेछ ।

**१६.अनुसूचिमा हेरफेर गर्न सकिने** :

नगर कार्यपालिकाको निर्णयले यस कार्यविधिका अनुसूचिहरु हेरफेर वा संशोधन गर्न सकिने छ ।

**१७.बाधा अड्काउफुकाउ** :

यो कार्यविधिको कार्यान्वयनको सम्बन्धमाकुनै बाधा अड्काउ परेमा यस कार्यविधिको भावनाको प्रतिकुलनहुने गरी कार्यपालिकाको निर्णयले त्यस्तो बाधा अड्काउफुकाउनआवश्यकव्यवस्थ गर्न सक्नेछ ।

**१८. कार्यविधिलागु हुने** : यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाले स्वीकृति गरी राजपत्रमाप्रकाशितभए पछि लागूहुनेछ ।

## अनुसुची १ :

कार्यविधिको दफा १४ संग सम्बन्धित, अनुदानको लागि सेवाग्राहीले भर्नुपर्ने आवेदनफारमको ढाँचा

**छायाँनाथ रारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गमगढी, मुगु**

अनुदानप्राप्तीको लागिदिईने आवेदनफाराम

विषय : अनुदानउपलब्ध गराई पाऊँभन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस छायाँनाथ रारा नगरपालिका द्धारा प्रदान गरिने कृषि/होटल तथा पर्यटन/पशुपंक्षी पालन/स्थानियवाली प्रवद्धन/घरेलु उद्योग/सूचनातथाप्रविधि/प्राकृतिकतथा साँस्कृतिक सम्पदा संरक्षण/खेलकुद/स्वास्थ्य क्षेत्र अर्न्तगत मेरो/हाम्रो नाममादर्ता रहेको ………………………फार्म/कम्पनी/समूह/स्थानिय संघ संस्था/सहकारी मिति ……………………मा दर्ता भएर हाल सम्म ……………………………………………… ….का व्यवसायिकक्रियाकलापहरु सञ्चालन गरिएको साथै छायाँनाथ रारा नगरपालिकाको अनुदानवितरण तथाव्यवस्थापन सम्बन्धिकार्यविधि, २०७८ को मापदण्ड /नगर सभाको निर्णय अनुसार अनुदानप्राप्त गर्न योग्यभएकाले नगरपालिकामार्फत प्रदान गरिने ……………………………………………… अनुदानकार्यक्रमअर्न्तगतअनुदानप्रदान गरि दिनहुनतपशिलकाकागजात साथहार्दिक आवेदनगर्दछु/गर्दछौं ।

निवेदकको नाम/थर :
निवेदकको फार्म/कम्पनी/समूहमा /स्थानिय संघ संस्था /सहकारी बहाल रहेको पद :
निवेदकको ठेगाना :
फार्म/कम्पनी/समूह /स्थानिय संघ संस्था /सहकारी को नाम/ठेगाना :
तपशिलबमोजिमकाकागजातहरु संलग्न गरेको छु ।
निवेदकको नागरिकताको प्रतिलिपि- १ प्रति,
वडा कार्यालयको सक्कलसिफारिस पत्र,
फार्म/कम्पनी/समूहको दर्ता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति,
अद्यावधिक करचुक्ता प्रमाणपत्रको प्रतिलिपि- १प्रति,
फार्म/कम्पनी/समूहको दर्ता नविकरणको प्रमाण दिने कागजातको प्रतिलिपि- १ प्रति,

छायाँनाथ रारा नगरपालिकाको कार्यालयमामाथिम/हामी ले दिएको समस्तजानकारी म/हामी ले जानेबुझे सम्म सत्य छन । कुनै फरक परेमा कानूनबमोजिम सहनबुझाउनतयार रहने छु/छौं । साथै, छायाँनाथ रारा नगरपालिकाको अनुदानवितरण तथाव्यवस्थापन सम्बन्धीकार्यविधि, २०७८ को हरेक मापदण्ड/प्रावधानहरु हुबहु पालना गरि अनुदानको कार्यहरु गर्ने सहमती जनाउदछु ।
मिती : २०........... हस्ताक्षर : ................
फार्म/कम्पनी/समूह/स्थानिय संघ संस्था /सहकारी को छाप

**अनुसुची २ :**
**कार्यविधिको दफा १४ सँग सम्बन्धित, अनुदानआवेदन स्विकृत भएपश्चात सम्पन्न गरिने अनुदान सम्झौताको ढाँचा**

## छायाँनाथ रारा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### गमगढी, मुगु

कबुलियतनामातथा सम्झौताफारामश्री .................................................................... र छायाानाथ रारा नगरपालिका बिच .............................................कार्यक्रमअन्तर्गत ............................................ नामकफार्म/कम्पनी/समूह/स्थानिय गैर सरकारी संग संस्था /सहकारीले छायाँनाथ रारा नगरपालिका वडा नं. ........ को .............................. टोलमा सञ्चालन गरेको ...................................व्यवसायको लागि सो व्यवसायको स्तर वृद्धि, मात्रामा वृद्धि र व्यवसायिकता वृद्धि गर्ने उदेश्यको साथ छायाम्नाथ रारा नगरपालिकाको तर्फबाट रु .................. (अक्षरेपी ....................रुपैंया) को अनुदान .......................... एकमुष्ट लिनेदिने गरी सम्झौता गरिएको छ ।
उल्लेखितअनुदानको लागिछायांनाथ रारा नगरपालिकाले राखेको तपशिलकाशर्तहरु बुझेर पालना गर्न प्रतिज्ञारत रहेको भनी हस्ताक्षर गरिदिएको छु/छौं ।
तपशिलकाशर्तहरु :
१.गाउँपालिकाबाट जारी भएको अनुदानबितरण तथाव्यबस्थापन सम्बन्धीकार्यबिधि, २०७८ पढीबुझी सो को पूर्ण पालना गर्न मन्जुर छु ।

२.म, हामीले नगरपालिकामाव्यवसायदर्ता गरिसकेको छु, छौं । आजको मितिले १५ दिनभित्रदर्ता गर्ने छु, छौं । प्रचलितकानूनअनुसार नियमित कर तिरि रहेको छु, छौं । प्रचलितकानूनबमोजिमनियमित कर तिर्न सहमत छु, छौं ।
३.मैले यस संझौतागर्दाका बखतकुनै पनिव्यबसायिक गर्न, कामको लागि संघीय सरकार र प्रदेस सरकारबाट अनुदानवा सहुलियतप्राप्त गरेको छैन । यस नगरपालिकाबाट पनिदोहोरो पर्ने गरी कुनै अनुदानलिएको छैन, लिनेपनि छैन ।
४नगरपालिकाबाट प्राप्तअनुदानको रकमबाट आफैले र स्वयं आफ्नै परिवार नै संलग्नभै काम गर्नेछु
५नगरगाउँपालिकाले दिएको निर्देशनपालना गर्नेछु । साथै, अनुदान रकमउपयोगको प्रगतिबिबरण नगरपालिकालाई ३/३ महिनामानियमितरुपमाबुझाउने छु । यसैगरी, कार्य सम्पन्नताको अन्तिमप्रतिबेदनपनिबुझाउनेछु ।
६.नगरपालिकाबाट यससम्बन्धमा जारी हुने भविष्यकाशर्त र निदेशनपालना गर्नेछु ।

माथिको शर्तहरुलाई हुबहु लागु गर्न गराउनको लागि हस्ताक्षर गर्ने,

निवेदकको तर्फबाट छायाँनाथ रारा नगरपालिकाको तर्फबाट, सेवाग्राहीको

नाम : ........................................ नाम :

हस्ताक्षर : पद :

फार्म/कम्पनी/समूहको नाम : ......................................हस्ताक्षर :

फार्म/कम्पनी/समूह दर्ता नं. : छाप :

सेवाग्राहीको ठेगाना :

छाप :

इति संवत्२० ....... साल रोज...... शुभम............ ।